नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(बढुवा शाखा)

पत्र संख्या : ०७९/८० चलानी संख्या : ९६०

मिति: २०७९/०९/१७

विषयः का. स. मू. फाराम उपलब्ध गराउने सम्बन्धमा।

श्री मन्त्रालय/सचिवालय/आयोग/कार्यालय (सबै)

तहाँ मन्त्रालय/ सचिवालय/ आयोग/ विभाग/ कार्यालय वा अन्तरगत देहायका सेवा समूह र श्रेणीमा कार्यरत कर्मचारीहरूको का.स.मू. फारामहरू निजामती सेवा नियमावली २०५० को नियम ७८ख (५) मा तोकिएको म्यादभित्र बढुवा समितिको सचिवालयमा बुझाईसक्नुपर्नेमा सो बमोजिम कतिपय कर्मचारीहरूको आ. ब. ०७८/७९ का साथै विगत आ. ब. हरूको का. स. मू. फारामहरु समेत प्राप्त नभएको हुँदा पठाउन छुट भएका का. स. मू. फारामहरू बढुवा प्रयोजनका लागि शिघ्र रूपमा पठाउनुहुन र कार्यालयमा समयमानै दर्ता गरी सुपरीवेक्षक समक्ष पेश गरेको तर सम्बन्धित मूल्याङ्कनकर्ताहरूबाट समयमानै मूल्याङ्कन नभएको हकमा निजामती सेवा नियमावली, २०५० को नियम ७८ख.(९) बमोजिम मूल्याङ्कन गरी/गराई यस बढुवा समितिको सचिवालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवारमा यथाशिघ्र पठाईदिने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ।

तपशिल

| सि न | श्रेणी | सेवा | समूह/ उपसमूह | कैफियत |
|---|---|---|---|---|
| १ | रा. प. द्वितीय | सम्पूर्ण सेवा | सबै | |
| २ | रा. प. तृतीय | सम्पूर्ण सेवा | सबै | |
| ३ | रा. प. अनं. प्रथम | नेपाल प्रशासन सेवा | सबै | |
| | | आर्थिक योजना तथा तथ्याङ्क सेवा | | |
| | | नेपाल इन्जिनियरिङ्ग सेवा | सिभिल इन्जिनियरिङ्ग/जनरल | |
| | | नेपाल विविध सेवा | सबै | |
| ४ | कर्मचारी समायोजन ऐन २०७५ बमोजिम प्रदेश वा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू सोही ऐनको दफा १४ (४) अनुसार संघीय निजामती सेवा ऐन बमोजिम हुने बढुवाका लागि समायोजन हुनुपर्वको सेवा समूह वा उपसमूहको एक श्रेणी माथिको पदमा उमेदवार हुन चाहने कर्मचारी समेत। | | | |

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखा,

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः मन्त्रालयको वेभसाइटमा Upload गरिदिनुहुन।

खगेन्द्र पौडेल

शाखा अधिकृत